# विद्युत नियमन आयोगको
# सार्वजनिक सुनुवाई गर्नेबारेको सूचना

## बुढी गण्डकी–'ख' जलविद्युत आयोजना (२२६ मे.वा.) बाट उत्पादन हुने विद्युतको खरिद बिक्री दर निर्धारण गर्ने सम्बन्धमा सरोकारवालाहरूबाट राय, सुझाव तथा प्रतिक्रिया लिइनेबारेको सूचना !

नेपाल विद्युत प्राधिकरणले यस आयोगसमक्ष नौलो नेपाल हाइड्रोईलेक्ट्रिक प्रा.लि. द्वारा प्रबर्द्धित बुढी गण्डकी-'ख' जलविद्युत आयोजना (२२६ मे.वा.) बाट उत्पादन हुने विद्युतको खरिद, बिक्री दर निर्धारण तथा विद्युत खरिद सम्झौतामा सहमतिका लागि पेश भएको निवेदनउपर छलफल गर्न मिति २०७९/१२/०९ गते बिहीबार सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरिएकाले उपभोक्ता, उद्योगी, व्यवसायी, स्थानीय बासिन्दा, प्रतिनिधिमूलक संस्थाहरू, सम्बन्धित स्थानीय तहका प्रतिनिधि, सञ्चारमाध्यम तथा सम्पूर्ण सरोकारवालाहरूलाई सो कार्यक्रममा सहभागी हुन आव्हान गरिन्छ। सरोकारवालाहरूले लिखित रूपमा एवम् आयोगको इमेल ठेगाना (info@erc.gov.np) मार्फत समेत आफ्नो राय, सुझाव तथा प्रतिक्रिया पेश गर्न सक्ने व्यहोरा जानकारी गराइन्छ। यस सम्बन्धमा विस्तृत जानकारी (www.erc.gov.np) मा हेर्न सकिनेछ।

### १. आयोजनाको संक्षिप्त परिचय

- **आयोजनाको नाम तथा प्रकार** : बुढी गण्डकी-'ख' जलविद्युत आयोजना (२२६ मे.वा.) (Peaking Run of River)
- **प्रबर्द्धक संस्था/विद्युत बिक्रीकर्ता** : नौलो नेपाल हाइड्रोईलेक्ट्रिक प्रा. लि. ।
- **जडित क्षमता** : २२६ मेगावाट।
- **आयोजनाको उत्पादन अनुमति पत्र संख्या तथा जारी मिति** : विद्युत उत्पादनको अनुमतिपत्रको दरखास्त कारबाहीको प्रक्रियामा रहेको।
- **आयोजना रहने स्थान** : २८° ०७' ३०'' देखि २८° १३' ४६'' उत्तरी ८४° ५०' ३०'' देखि ८४° ५३' ३०'' पूर्वी देशान्तर, आरुघाट गाउँपालिका, गोर्खा जिल्ला, गण्डकी प्रदेश, नेपाल।
- **नेपाल विद्युत प्राधिकरणबाट प्रस्तावित आयोजनाबाट उत्पादन हुने विद्युतको खरिद, बिक्री दर** : वर्षायाममा प्रतियुनिट रू.४।८० र सुख्खा याममा Peaking अवधिका लागि प्रतियुनिट रू. १०।५५ र Non Peaking अवधिका लागि प्रति युनिट रू.८।४०।
- **ने.वि.प्रा. बाट प्रस्तावित आयोजनाबाट उत्पादन हुने विद्युतको खरिद, बिक्री दरको मूल्यवृद्धि हुने पटक र प्रतिशत** : बार्षिक ३ प्रतिशतका दरले ८ पटकसम्म साधारण मूल्यवृद्धि।
- **पिकिङ्गको अवधि** : ५.५ घण्टा।
- **आयोजनाबाट उत्पादन हुने कूल विद्युतीय ऊर्जा** : १,२१४.१२ गिगावाट घण्टा।
- **वर्षायाममा उत्पादन हुने विद्युतीय ऊर्जा (Wet Energy)** : ३७७,३२६,७५७ किलोवाट घण्टा।
- **सुख्खायाममा उत्पादन हुने विद्युतीय ऊर्जा (Dry Energy)** : ८३६,६८९,७३६ किलोवाट घण्टा।
- **आयोजनाको अनुमानित लागत** : रू. ५,६९९.२६ करोड।

### २. सुनुवाइमा उपस्थिति हुने

- **आयोगको तर्फबाट** : श्री दिल्ली बहादुर सिंह (अध्यक्ष), श्री रामेश्वर प्रसाद कलवार (सदस्य), श्री भागीरथी भट्टराई ज्ञवाली (सदस्य), श्री गौतम डंगोल (सदस्य), श्री गोकर्ण राज पन्थ (सचिव)।
- **नेपाल विद्युत प्राधिकरणको तर्फबाट** : श्री कुलमान घिसिङ (प्रबन्ध निर्देशक), श्री प्रबल अधिकारी (निर्देशक) तथा अन्य कर्मचारीहरू।
- **नौलो नेपाल हाइड्रोईलेक्ट्रिक प्रा. लि. को तर्फबाट** : श्री राजेश श्रेष्ठ तथा अन्य कर्मचारीहरू।

### ३. सार्वजनिक सुनुवाई कार्यक्रमसम्बन्धी विवरण

- **कार्यक्रमको मिति, समय र स्थान** : २०७९/१२/०९ गते बिहीबार दिउँसो २ बजेदेखि ४ बजेसम्म, विद्युत विकास विभागको सभा हल (पाँचौ तल्ला), सानोगौचरण, काठमाडौं।
- **संचालन प्रक्रिया** : प्रत्येक वक्ताले बढीमा ५ मिनेटभित्र आफ्नो राय, सुझाव प्रस्तुत गर्नुहुनेछ।